प्रमाणिकरण गर्नेको

नाम : अनिल प्रसाद जोशी

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७५।१०।२३ गते

पृष्ठ संख्या : ४

# दुर्गाथली गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५

गाउँ कार्यपालिकाबाट स्विकृत
मिति : २०७५।१०।२३ गते

दुर्गाथली गाउँपालिका

दुर्गाथली गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

# दुर्गाथली गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :** दुर्गाथली गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, दुर्गाथली गाउँपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न दुर्गाथली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम दुर्गाथली गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

**१. परिभाषा :** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा,

क) "गाउँपालिका" भन्नाले दुर्गाथली गाउँपालिका भन्ने बुझिनेछ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भन्ने बुझिनेछ ।

ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरीविको रेखा मूनि रहेको मुटु, कलेजो, मृगौला, फोक्सो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी वा यस्तै अन्य प्रकृतिको दिर्घरोगी, एवं क्यान्सर पिडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसा बाट आक्रान्त र पिडित एवं बेचबिखनमा परेका महिलाहरु, एकल महिला, जोखिमपूर्ण श्रममा संलग्न भएको, परिवारबाट विस्थापित, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, प्राकृतिक प्रकोपमा परेको, वावु वा आमा कारागार वा हिरासतमा रहेको, यौन शोषण, यौन दुर्व्यवहार, मा परेको, बाबु, आमा वा संरक्षक बाट बन्चित, अशक्त-अपाङ्ग, सुस्त मनस्थिति भएको, अपहरण वा शरिश बन्धकमा परेको, टुहुरा बालबालिका, एच आई भि एड्स बाट संक्रमित, वेसहारा व्यक्ति भन्ने बुझ्नु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष भन्ने बुझिनेछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुर्गाथली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बुझिनेछ ।

**२. आर्थिक सहायता प्रदान गर्न सकिने :** आर्थिक सहायता पाउन योग्य व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाइ यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समितिको सिफारिसमा नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सकिनेछ ।

**३. आर्थिक सहायता प्रदान गर्ने तरिका :**

१) दुर्गाथली गाउँपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

७५/१०/२३

क) सम्वन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको अनुसूची १ बमोजिमको निवेदन ।

ख) अपाङ्गको हकमा सम्वन्धित निकायबाट जारी अपाङ्ग परिचय पत्र र दुर्गाथली गाउँपालिकाको सामाजिक समितिको सिफारिस ।

ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र दुर्गाथली गाउँपालिकाको वाताबरण तथा विपद व्यवस्थापन समितिको सिफारिस ।

घ) अशक्त, सहाराविहीन वृद्ध, वृद्धा, अति विपन्न व्यक्तिहरुको हकमा दुर्गाथली गाउँपालिकाको सामाजिक समितिको सिफारिस ।

ङ) दिर्घ रोगीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित दुर्गाथली गाउँपालिकाको सामाजिक समितिको सिफारिस ।

२) उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता गर्दा गाउँपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन सम्वन्धित वडा कार्यालयको सिफारिस माग गर्नुपर्नेछ ।

**४. आर्थिक सहायताको सिमा :** कुनैपनि व्यक्तिलाई एक पटकमा बढीमा रु. ५०,००० वा सो रकम बराबर सम्मको आर्थिक सहायता प्रदान गर्न सकिनेछ । रु. २५,००० सम्मको सहायता अध्यक्षको तोक आदेशमा प्रदान गर्न सकिनेछ । र, सो भन्दा बढी रकमको सहायताको लागि गाउँ कार्यपालिकाको निर्णय आवस्यक पर्नेछ ।

**५. आपतकालिन व्यवस्था :** कुनै परिस्थितिजन्य कारणले आर्थिक सहायता प्रदान गर्नु अत्यावस्यक भएको र सो समयमा तत्कालै कार्यपालिकाको बैठक बस्न नसकिने देखिएमा अध्यक्षको तोक आदेशमा बढीमा रु. ५०,००० सम्मको आर्थिक सहायता प्रदान गर्न सकिने छ र पछी बस्ने गाउँ कार्यपालिकाको बैठकले सो कुराको अनुमोदन गर्नु पर्नेछ ।

**६. स्विकृत आर्थिक सहयोगको भुक्तानी :** दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले गाउँ सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाइ निर्णयानुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

**७. एक व्यक्तिलाइ एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने :** माथि जुनसुकै कुरा लेखिएको भएतापनि एक व्यक्तिलाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन ।

**८. बाझिएको हद सम्म अमान्य हुने :** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रकियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

**९. कारबाही :** यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने पदाधिकारी तथा कर्मचारी बाट असुल उपर गरिने छ ।

**९. कारबाही :** यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने पदाधिकारी तथा कर्मचारी बाट असुल उपर गरिने छ ।

**१०. बचाउ :** यस अघि यस गाउँपालिकाबाट भएका वा दिइएका कुनैपनि आर्थीक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

दुर्गाथली गाउँपालिका

अनुसूची १

आर्थिक सहायता प्राप्त गर्न दिईने निवेदनको ढाँचा

कार्यविधिको दफा २.१ (क) सँग सम्बन्धित

मिति : ..............

श्रीमान अध्यक्ष । प्रमुख प्रशासकीय अधिकृत ज्यू

दुर्गाथली गाउँपालिका

विषय : आर्थिक सहायता उपलब्ध गराईदिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा म । हामी । मेरो संरक्षकत्वमा रहेको व्यक्ति ............................... दुर्गाथली गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ को दफा १ (ग) मा उल्लेखित आधार सहित आर्थिक सहायता पाउन योग्य व्यक्ति भएको व्यहोरा अवगत गराउँदै तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनुहुन तपशिल बमोजिमका कागजातहरु यसै साथ संलग्न राखी यो निबेदन पेश गरेको छु । छौं ।

तपशिल

१. आर्थिक सहायता पाउन योग्य हुनुको आधार, कारण : ......................

२. संलग्न प्रमाणहरु : ..............................

..............................

..............................

निबेदक । संरक्षकको

दस्तखत :

नाम :

ठेगाना :

दुर्गाथली गाउँपालिका

७५/१०/२३